म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१५ बुधबार १३ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 28 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नयाँबस्तीबाट रिमाल पक्राउ

हेटौंडा, १२ असार/मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नं.१४ स्थित मयूरधाप नयाँबस्तीबाट लागुऔषध सहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा-१४ बस्ने ३५ वर्षीय अर्पण रिमाल रहेका छन् ।


अस्थायी प्रहरी पोष्ट मयुरधाप मकवानपुरबाट खटिएको प्रहरी टोलीले रिमाललाई ३८ बोतल लागूऔषध ओनरेक्स सहित पक्राउ गरेको हो । चुरीयामाईबाट मयुरधापतर्फ आउदैं गरेको ना. ६ प २३२८ नम्बरको मोटरसाइकलमा सवार उनलाई लागुऔषध सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

लागूऔषध, मोटरसाइकल सहित नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ । लागूऔषध ओसार पसारमा युवापुस्ताको संलग्नता बढ्दै गइरहेको छ ।

### प्रदेशसभामा एमाले र राप्रपाको अवरोध

# ‘बजेटले राजधानी हेटौंडालाई उपेक्षा गर्‍यो’

साझाकुरा संवाददाता



हेटौंडा, १२ असार/ बागमती प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमाथि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले आक्रमक बनेको छ । मंगलवार प्रदेशसभाको बैठक सुरु हुनसाथ एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारले बजेटको विरोध गर्दै बैठक अवरुद्ध गर्‍यो ।

नेकपा माओवादी केन्द्र नेतृत्वको सरकारको बजेटलाई जनता विरोधी भन्दै दुई दलले नाराबाजी गरेका थिए । प्रदेशसभा बैठकमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले सरकारले ल्याएको बजेटमा धेरै जनता विरोधी काम राखिएको आरोप लगाएका हुन् । सरकारले सडक निर्माण र डिप बोरिङको लागि भन्दै ५ लाखको बजेट विनियोजन गर्नु निकै लज्जास्पद विषय भएको भन्दै उनले यस्ताखालको विषय प्रदेश सरकारको लाजको विषय भएको बताए ।

थपलियाले प्रदेश राजधानी हेटौंडालाई अघिल्लो कार्यकालमा सत्तापक्ष, प्रतिपक्षले दुवैले पास गरेको भन्दै राजधानीलाई किन उपेक्षा गरिएको ? भन्दै प्रश्न गरे । ‘वडाअध्यक्षहरु कालो झण्डा देखाउन बाहिर तयार छन् । के यो मुख्यमन्त्री र मन्त्रीले थाहा पाउनु भएको छ कि छैन ? प्रदेश राजधानीको विषयमा गठबन्धन अझै अन्योल छ । उनले हेटौंडामा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कमजोर बनाउने खेल भएको आरोप लगाए ।

यस्तै, हेटौंडा अस्पतालका कर्मचारी निकाल्ने प्रयास बजेटमार्फत् भएको भन्दै उनले जनताको स्वास्थ्यमाथि खेलवाड भएको बताए । सरकारले ल्याएको बजेटलाई ‘गैरजिम्मेवार’ भन्दै सो बजेट पास गर्नु जनतालाई धोखा दिनु रहेको बताए । मुख्यमन्त्री शालिकराम जमरकट्टेल र केही मन्त्रीले आफ्नो क्षेत्रमा मात्र बजेट विनियोजन गरेको एमालेको आरोप छ । त्यसैले संघीयता विरोधी बजेटलाई कुनै पनि हालतमा पास हुन नदिने उनले चेतावनी दिए ।

‘धादिङ, सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा मात्र कुल विकास बजेट ७ अर्बको हाराहारिमा देखिन्छ । यो भन्दा अझ बढी छ,’ थपलियाले भने, ‘सिन्धुपाल्चोक र नुवाकोट समेतको गर्दा कुला २१ प्रतिशत बजेट मात्रै तीन जिल्लामा विनियोज भएको देखिन्छ ।’ थपलियाले मेलम्ची नगरपालिकामा मात्रै २८ करोड ६५ लाख बजेट विनियोजन भएको भन्दै अन्य जिल्लामा बजेट किन विनियोजन भएन ? भनेर प्रश्न गरे ।

उनले हेटौंडा उपमहा नगरपालिकामा हुँदै नभएको वडामा बजेट विनियोजन भएकोमा आपत्ति जनाए । थपलियाले प्रश्न गरे, ‘हेटौंडा उपमहानगरपालिमा २० नम्वर र २१ नम्वर वडा कहाँ छ ? १९ वटा मात्रै वडा होइन र ? १ करोड बजेट विनियोजन गरेको छ, थपलियाल भने, हुँदै नभएको वडामा बजेट विनियोजन गर्दा सरकार के हेरियो ? के टाईप गरियो ? राजनीतिक मान्छे नभ्याउन सकिन्छ तर, कर्मचारीतन्त्र खोई ? कोबाट खटनपटन हुन्छ’ ? उनले प्रश्न गरे ।

थपलियाले विगतलाई दोष दिएर वर्तमान विगार्न पाईदैन भन्दै आक्रोश पोखे । सत्तापक्ष भइसकेपछि बहुमत भइहाल्छ र बजेट पास गर्छौं भन्ने धेयले राखेर बजेट ल्याएको हो भने उनल कुनै पनि हालतमा प्रतिपक्षले पास गर्न नदिने चेतावनी दिए । सरकारले बजेट विनियोजन गर्दा प्रदेशको अर्थतन्त्र, सामाजिक आवश्यकता, विकास लक्ष्य, आवधिक योजना, अर्थव्यस्थाको लक्ष्य, आर्थिक व्यवस्थाको समृद्धिलाई प्रोत्साहन गर्नुपर्नेमा बजेटमा नसमेटिएको आरोप लगाए ।

एमाले र राप्रपाले बैठक अवरुद्ध गरेपछि मंगलवारको बैठक साँझ पौने ६ बजेसम्मका लागि स्थगित भएको छ । सत्तारुढ दल तथा प्रतिपक्ष दलको बैठक कुनै निष्कर्षमा नपुगेपछि बैठक स्थगित भएको हो । बैठकमा बजेटको बिषयलाई लिएर बुधबार पनि विरोध गर्ने कार्यक्रम रहेको बताइएको छ ।

# हेटौंडामा उत्पादित माछाको गुणस्तरीय भुरा भारत निर्यात

साझाकुरा संवाददाता



हेटौंडा, १२ असार/ मकवानपुरको हेटौंडामा उत्पादित विभिन्न विकासे जातका माछाका भुरा भारतमा निर्यात भइरहको छ । नेपालसगँको सीमाक्षेत्रका भारतीय किसानले माछाका भुरा लाने गरेको यहाँस्थित प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्रले जनाएको छ ।

भारतीय किसानले वारा, पर्सा र रौतहटका किसानमार्फत् राम्रो नश्लका सो भुरा लैजाने गरेको सम्बद्ध कर्मचारीले जानकारी दिएका छन् । १० लाख भन्दाबढी माछाका भुरा भारतमा जाने गरेको छ । त्यस्तै माछासमेत खरिदगरी भारतमा लैजाने गरेको बताइएको छ । कार्यालयवाट प्राप्त जानकारी अनुसार चालु आर्थिक वर्षको असार १० गतेसम्म चार करोड ३५ लाख भन्दाबढी माछाका भुरा उत्पादन गरी बिक्री गरिएको छ ।

केन्द्र प्रमख सरोज यादवका अनुसार किसानको मागबमोजिम विगतको तुलनामा माछाको भुरा उत्पादन र बिक्री बढ्दै गएको छ । विगतमा प्रत्येक वर्ष तीन करोड बढी माछाको भुरा उत्पादन तथा बिक्री हुँदै आएकामा व्यवस्थापनमा सुधार आएपछि यसवर्ष माछा र भुराको उत्पादन वृद्धि गरिएको हो । त्यसका लागि कार्यालयमा भएका पोखरी मर्मत र सुधार गरिएको छ ।

केन्द्र प्रमुख यादवले थप भुरा र माछा उत्पादनका लागि पोखरीको क्षमता विकास, सरसफाई, मर्मत र निर्माणको कामलाई निरन्तरता दिइएको जानकारी दिए । यहाँ रहेको माछा फार्मबाट सात जातका विकासे माछा प्रजनन गरी भुरा बिक्री गर्दै आएको छ । हाल स्थानीय लोपोन्मुख सहर तथा गर्दीजातको रङीन कोई कार्प माछा प्रजनन तथा बिक्री वितरणको क्रममा रहेको छ ।

कार्यालयका अनुसार न्यानो पानीमा फस्टाउने सरकारीस्तर बाट सिफारिश गरिएका विभिन्न स्वदेशी माछा, रहु, नैनी, माहुर तथा विदेशी माछा कमन कार्प, सिल्भर कार्प, विगहेड, ग्रप्स कार्पसहित सात जातका भुरा उत्पादन गरी विभिन्न जिल्लाका माछा किसानलाई बिक्री वितरण गरिएको छ ।

आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म वार्षिक पाँच लाख रुपैयाँ भन्दाबढी माछा र भुरा बिक्रीबाट कार्यालयको राजस्व बढ्दै गएको छ । चालु आर्थिक वर्षमा उक्त केन्द्रले रु ३१ लाख भन्दाबढीको माछा र भुरा वितरण गरेको छ । साथै हेटौंडा र चितवनसहित २२ जिल्लामा माछाका भुरा बिक्री हुने गरेको छ । एकीकृत मत्स्यपालन प्रणालीअन्तर्गत बङ्गुरपालन प्रणालीको सुरुआत गरिएको छ भने भौतिक संरचना सुधारका साथै आठवटा जीर्ण पोखरी मर्मत गरी सञ्चालनमा ल्याइएको कार्यालयका सूचना अधिकारी बलराम अधिकारीले बताए ।

मत्स्य संग्रहालयअन्तर्गत संरक्षित माछाको नमुना र लिभफिश म्युजियम स्थापना तथा सञ्चालनको प्रक्रिया अगाडि बढाइएको प्रमुख यादवले जानकारी दिए । ‘आर्थिक वर्ष २०७५-७६ देखि प्राकृतिक जलाशय जातीय विविधतासम्बन्धी अध्ययन अनुसन्धानको क्रममा राप्ती नदी, श्यार्फुताल, बागमती नदी, सामरी नदी, बकैया नदी, अरुण नदी, कोशी नदी, कर्णाली नदी, बेगनास ताललगायत नदी तथा तालमा माछाको विविधतासम्बन्धी जाँच तथा अभिलेख राखिएको छ । यसबाट ४५ प्रजातिका माछाका नमुना संकलन गरिनाका साथै पानीको गुणस्तरसमेत जाँच गरिएको कार्यालयले जनाएको छ ।

ग्रासकार्प माछाको आहारको रुपमा पोखरीको डिलमा उन्नत तथा पोसिलो जातका घाँस जस्तै नेपियर वर्षीम, केरा, सुडान, जै घाँसबाट माछाको आहारमा लाग्ने लागतको तुलनात्मक अध्ययन भइरहको छ । जलीय विविधता एवम् प्रवर्द्धन तथा प्राकृतिक जलाशयमा आश्रित समुदायको सामाजिक स्तरोन्नति र जीविकोपार्जनसगँ सम्बन्धित विभिन्न किसिमका कार्यक्रम जस्तै खोलानालामा स्थानीय जातका भुरा छाड्ने जनचेतनामूलक होर्डिगङ बोर्ड, गोष्ठी, सभालगायत कार्यक्रम गर्दै आएको कार्यालयले जनाएको छ ।

काठमाडौं तथा हेटौंडा बजारका लागि खाने माछा उत्पादन गरी आपूर्ति गर्ने उद्देश्यले २०२४ सालमा स्थापित यो केन्द्रको समय सापेक्ष काम र नाममा परिर्वतन हुँदै आएको छ । केन्द्रअर्न्तगत ४७ दशमलव नौ हेक्टर जमिनमा माछा पोखरी छ । यो केन्द्र सरकारी स्वामित्वको माछा अनुसन्धान केन्द्रको रुपमा परिचित छ ।

## रातोमाटेबाट अवैध कपडा र चक्लेट बरामद

हेटौंडा, १२ असार/ भन्सार छलि गरी ल्याईएका अबैध कपडा र चकलेट मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं.१५ रातोमाटे चेकपोष्टबाट प्रहरीले बरामद गरेको छ । मंगलबार काकडभित्ताबाट हेटौंडातर्फ आउँदै गरेको प्र.१-०२-००१ ख ९७५७ नम्बरको बसबाट कुर्था सुरुवाल ४१ थान, किटक्याट ४८ प्याकेट र डेरीमिल्क सानो ठुलो गरी ६७ प्याकेट बरामद गरिएको जिप्रका मकवानपुरले जनाएको छ । उक्त कपडा र चकलेट १ लाख ८६ हजार ९०० रुपैयाँको रहेको प्रहरीको अनुमान छ । बरामद सामान आवश्यक कार्बाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

# विद्यार्थीलाई जीवनका तत्व र अध्ययनमा केन्द्रित हुने प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ पालुङ जेसीज वर्ष २०२३ को आयोजनामा थाहा नगरका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई जीवनउपयोगी सीपका साथै अध्ययनमा केन्द्रित हुने उपायहरुका बारेमा प्रशिक्षण दिइएको छ ।

मंगलबार थाहानगरको जनकल्याण माध्यामिक विद्यालयसँगको सहकार्यमा प्रशिक्षणा आयोजना गरिएको हो । प्रशिक्षणमा जनकल्याण मावि पालुङ, पालुङ मोर्डन ईङ्लिस मिडियम स्कुल, पालुङ भ्याली हार्ट एकेडेमी, झंकेश्वरी मावि र हिमालयन ईङ्लिस सेकेन्डरी बोर्डिङ स्कुलका ३ सय ८५ जना विद्यार्थीको सहभागिता थियो । कार्यक्रममा नेपाल जेसीजका निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष रजनी थापाले सहजीकरण गरेकी छन् । माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीलाई जीवनोपयोगी सीपका साथै अध्ययनमा केन्द्रित गराउनको लागि यस कार्यक्रमको आयोजना गरिएको पालुङ जेसीजका कोषाध्यक्ष माधव कार्कीले बताए ।

कार्यक्रम उपाध्यक्ष अजय कार्कीको संयोजकत्वमा भएको छ । जेसीज अध्यक्ष संगम कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रम थाहा नगरपालिकाको उपप्रमुख तथा पालुङ जेसीज वर्ष २००८ का अध्यक्ष भरत गोपालीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा नेपाल जेसीजका निरुपित राष्ट्रिय उपाध्यक्ष सोनी श्रेष्ठ, पालुङ जेसीजका पूर्वअध्यक्षहरु सानोभाई कार्की, सुरेन्द्रमान प्रधान, धर्मलाल प्रधान, मनोज रायमाझी, हिमालयन ईङलिस सेकेन्डरी बोर्डिङ स्कुलका प्रिन्सिपल बाबुलाल कार्कीलगायतको आतिथ्यता रहेको थियो । यसैगरी, पालुङ जेसीजका कोषाध्यक्ष कार्की, कार्यकारिणी उपाध्यक्ष दीपा बल, उपाध्यक्ष अजित कार्कीलगायत पदाधिकारीको उपस्थिति रहेको थियो ।

पालुङ जेसीज वर्ष २०२३ का महासचिव सञ्जय गोपालीले सञ्चालन गरेको कार्यक्रममा कानुनी सल्लाहकार निरज रायमाझीले स्वागत मन्तव्य व्यक्त गरेका छन् । प्रशिक्षण कार्यक्रमको अबसरमा सातौं एसियन गोजुरियो कराते प्रतियोगितामा थाहा नगरपालिकाबाट सहभागिता जनाउँदै ५ स्वर्ण, २ र जत र २ कास्य पदक विजेता खेलाडी र प्रशिक्षक तथा निर्णायक मानसिङ दोङलाई सम्मानसमेत गरिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर

वाइरिङ मर्मत

A/C मर्मत तथा ग्याँस रिफिलिङ

सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३




गोदमघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

साझाकुरा

## हाम्रो कुरा

# लागूऔषधको हव नबनोस्

बागमती प्रदेशको राजधानी सहर हेटौंडा दिनप्रतिदिन लागूऔषध कारोवारीका लागि हव बन्दै गएको छ । हेटौंडामा सोमबार बिभन्न गैरसरकारी संस्थादेखि लागूऔषध दुर्व्यसनको रोकथाम र नियन्त्रणमा काम गर्दै आइरहेका संघसंस्थाले लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्ध बहस गरिरहेका थिए । तर, यता बहस चलिरहँदा हेटौंडाको विभिन्न ठाउँबाट एकैदिन ६ जना लागूऔषध ओसारपसारमा संलग्न भएको आरोपमा पक्राउ परेका छन् । मकवानपुरमा लागूऔषध प्रयोगकर्ताहरु निरन्तर बढिरहेको जिल्ला प्रहरी कार्यालयको तथ्यांकले देखाइरहेका छ । युवाहरु लागूऔषध दुर्व्यसनीमा फसिरहेका मात्रै छैनन्, छिटो धनी बन्ने महत्वकांक्षाले उनीहरु ओसारपसारमा पनि संलग्न भएपछि जेलको नारकीय जीवन बिताउन बाध्य भएका छन् । लागूऔषध प्रयोग गर्न नहुने र ओसारपसारमा पनि नियन्त्रण गर्नुपर्ने विषयमा बहस भयो र भइरहन्छ पनि ।

हरेक वर्षको जून २६ तारिखलाई अन्तर्राष्ट्रिय लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको दिवसको रुपमा मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघको सन् १९८७ को घोषणापत्रको ४२ को १ सय १२ खण्डमा यो निर्णय उल्लेख गरिएको छ । त्यस दिनको एउटा मात्र उद्देश्य भनेको विश्व समुदायलाई लागूऔषधको असर र कारोबारबाट मुक्त गराउनु हो । तर, प्रहरीले भने हेटौंडा-१० बसपार्कदेखि ८ नम्बर वडाको कमानेसम्म गरेर ६ जनालाई एकैदिन पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा ५९ जना थुनुवा छन् । जसमध्ये करिब २२ जना लागूऔषध मुद्दाका छन् । थुनुवामा सोमबार मात्रै थप ६ जना थपिएका थिए । मकवानपुर प्रहरीले प्रतिबन्धित लागूऔषध गाँजासहित २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । भीमफेदी कारागारमा रहेका कैदीबन्दीमध्य आधाजसो लागूऔषधसँग सम्बद्ध छन् । हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट १४ किलो गाजाँसहित २ जना भारतीय नागरिकलाई प्रहरीले नियन्त्रणमा लियो । प्रहरीचौकी बसपार्कको प्रहरी टोलीले गस्ती गर्दै जाँदा बसपार्कस्थित बीरगञ्ज जाने काउण्टर नजिकै शंकास्पद रुपमा बसिरहेको अवस्थामा उनीहरुलाई जाँच गर्ने क्रममा उनीहरुले झोलामा बोकेको अवस्थामा १४ किलो लागूऔषध गाँजा फेला पारिएको प्रहरीले जनाएको छ । गाँजा बरामदसँगै दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसैगरी मकवानपुर प्रहरीले ३० एम्पुल लागुऔषध डाईजेपामसहित १ जनालाई नियन्त्रणमा लिएको छ ।

प्रहरीले हेटौंडा-१५ रातोमाटेस्थित सडकखण्डमा सवारीसाधन जाँच गर्ने क्रममा बीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको माईक्रो बसका यात्रुलाई शंका लागि जाँच गरेको थियो । लुकाएर ल्याएको अवस्थामा लागूऔषध डाईजेपाम १० एम्पुल, फेनार्गन १० एम्पुल, ब्युनोर्फीन १० एम्पुल फेला परेको प्रहरीले जनाएको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले कमानेस्थित एक घरमा चेकजाँच गर्दा कोठाको दराजबाट खैरो हिरोईन २५ ग्राम, जोख्ने काँटा, नगद ५ हजार र ५ थान मोवाइल बरामद गरिएको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । लागूऔषध सहित ३ जनालाई नै नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ । भारतीय सीमानाका रक्सौलबाट सजिलै खरिद गर्न सकिने लागूऔषधका लागि हेटौंडाका युवा त्यसतर्फ जाने गरेको प्रहरीले बताएको छ । सम्पन्न परिवारका युवापुस्ता कुलतको सिकार भइरहेका छन् । त्यसले हेटौंडालाई लागूऔषध कारोबारको हव नबनाउला भन्न सकिन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १४ गते बिहीबार २९ जुन २०२३ । एकादशी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ । ईद अल-अधा-बकर इद । तुलसी रोपण । चतुर्मास व्रत आरम्भ । हरिशयनी एकादशी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दैनिक आयमा कमी | **तुला** | : दुस्चिन्ताले पिरोल्ने |
| **वृष** | : मांगलिक कार्य सम्पादन | **वृश्चिक** | : यात्रामा भयले सताउने |
| **मिथुन** | : कार्यमा बाधा | **धनु** | : उपचार खर्च वृद्धि हुने |
| **कर्कट** | : आकस्मिक लाभ हुने | **मकर** | : मानसम्मान मिल्ने |
| **सिंह** | : अर्थहानि हुने | **कुम्भ** | : जोस एवम् जांगर बढ्ने |
| **कन्या** | : स्थानान्तरण हुनसक्ने | **मीन** | : बादविवाद बढ्ने |

# नेपालमा संघीयताको आयु कति ?



✍प्रकाश राई

संघीय शासन व्यवस्था घोषणा भएको आठ वर्ष पुग्नै लाग्दा संघीयताको सुरुवाती दिनहरूको उमंग शेष नरहने अवस्थामा पुगिरहेको छ । संघीयताको विकल्प संघीयता भनिए पनि यस शासन प्रणालीको बारेमा नकारात्मक टिप्पणीको बजारीकरण बढेको छ । संघीयताको संस्थापक भनिएका राजनीतिक दलका नेताहरू शासन व्यवस्थामा खतरा उत्पन्न भएको कुरा गर्न थालेका छन् ।

संघीयता,गणतन्त्र-लोकतन्त्र,धर्मनिरपेक्षता अन्योन्याश्रित रूपमा एउटै डुङ्गामा सवार रहेकाले संघीयताको बचाउको सन्दर्भमा सतही जिद्दी भन्दा पनि गम्भीर संघीयता मीमांसाको आवश्यकता देखिन थालेको छ ।

**संघीयताको मुद्दाको स्वामित्व**

अहिले हामीले उपभोग र प्रयोग गरिरहेको संघीय लोकतान्त्रिक शासन प्रणालीको उदय हुनुको मुख्य आधार तत्कालीन सात राजनीतिक दलहरूको नेतृत्वमा सम्पन्न भएको २०६२/६३ को जनआन्दोलनको सफलता हो । उक्त आन्दोलनको प्रस्थानविन्दु तत्कालीन सात राजनीतिक दलहरू र नेकपा (माओवादी)को बीचमा २०६२ मंसिर ७ गते दिल्लीमा भएको १२ बुँदे समझदारी हो । समझदारी-पत्रमा महत्वका साथ पूर्ण लोकतन्त्र भन्ने वाक्यांश प्रयोग गरिएको छ ।

पूर्ण लोकतन्त्रको विस्तारित व्याख्या नगरिएको सो समझदारी पत्रमा संघीयता भन्ने शब्द समावेश छैन । आन्दोलनको सफलताको जगमा २०६३ माघ १ गते जारी नेपालको अन्तरिम संविधान २०६३ मा संघीयता भन्ने शब्द प्रयोग भएको थिएन ।

नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संघर्ष समिति बीच २०६३ चैत, २०६४ को वैशाख, जेठ र असारमा भएको वार्ताहरूको निष्कर्षमा २०६४ साउन २२ गते भएको सम्झौतामा अन्तरिम संविधान बमोजिम संविधानसभाको निर्वाचनबाट निर्वाचित हुने संविधानसभामा संघीय संरचनाको सुझाव पेश गर्ने लिखित सम्झौतासँगै संघीयताले दस्तावेजमा स्पेस पाएको देखिन्छ ।

मधेश आन्दोलनको क्रममा भएको वार्ताहरूको निष्कर्ष स्वरूप २०६४ भदौ १३ गते भएको नेपाल सरकार र मधेशी जनअधिकार फोरमबीचको सम्झौतामा राज्यको पुनर्संरचना गर्दा संघीय शासन प्रणालीको व्यवस्था गरिनेछ भन्ने लिखत छ । २०६५ जेठ १६ गते नेपालको अन्तरिम संविधान २०६३ को चौथो संशोधनमा राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै भन्ने संशोधन सँगै संघीयताको मार्गचित्रमा नेपाल औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ ।

संघीयताको सवालमा ठूला राजनीतिक दलहरूले आफ्नो ओठे पक्षधरता देखाए तापनि दस्तावेजहरूको शृङ्खलाबद्ध अवलोकन गर्दा उनीहरूमा विरोधाभास देखिन्छ । आफ्नो विरोधाभासलाई पुष्टि गर्ने गरी दलका नेताहरूबाट बेलाबखत संघीयताको विपक्षमा अभिव्यक्तिहरू आउने गर्छन् । आदिवासी जनजाति आन्दोलन र मधेश आन्दोलन नभएको भए संघीयता नेपालको संविधानमा लेखिने कुरामा सन्देहको आकलन गर्न सकिन्छ ।

ठूला राजनीतिक दलहरूलाई नियतिले संघीयतावादी बनाएको हो कि निष्ठा सहित संघीयतावादी? दलहरूको विचारधारात्मक पक्षको पुनरावलोकन जरुरी छ । अर्थात् पूर्ण लोकतन्त्रको सोधखोज हुनुपर्छ ।

**अस्थिर संघीय सरकार, केन्द्रीकृत दलीय पद्धति र जनप्रतिनिधिहरूको भीड**

विश्वको २७ देशमा रहेको संघात्मक प्रणालीको विश्लेषण गर्दा ती देशहरूको संघीय सरकार प्रायः स्थिर र शक्तिशाली रहेको देखिन्छ । २७ वटा देशहरूमध्ये १६ देशमा प्रत्यक्ष निर्वाचित हुने राष्ट्रपति कार्यकारी प्रमुखको रूपमा रहेको देखिन्छ । नेपालमा मिश्रित (प्रत्यक्ष र समानुपातिक) संसदीय निर्वाचन प्रणालीले गर्दा सिर्जित त्रिशङ्कु संसदको कारणले २०७४ देखि २०८० सम्म करिब ६ वर्षको अवधिमा ३ जना प्रधानमन्त्री र प्रक्रियाको दृष्टिकोणबाट संसदको समीकरणमा आएको फेर बदलले ४ पटक सरकार परिवर्तन भइसकेको छ ।

संघीय सरकार अस्थिर भएपछि संघीयकरणको कामहरू र जनअपेक्षाको डेलिभरीहरू प्राथमिकतामा नपर्ने भएकोले संघीय व्यवस्थालाई असफलसिद्ध गर्न चाहनेहरूलाई स्पेस सिर्जना हुन्छ ।

अस्थिर राजनीतिक प्रकोपको इपिसेन्टर संघीय सरकार हुने र प्रदेश सरकार, केन्द्रीय सरकारको फेरबदलसँगै परिवर्तन हुने अस्थिर राजनीतिक चक्र संघीय व्यवस्थामा चलिरहने स्थिति छ । प्रदेशसभा पनि मिश्रित निर्वाचन प्रणालीको कारणले त्रिशङ्कु बन्ने र दलहरूमा केन्द्रको निर्देशनबाट चल्ने एकात्मक अभ्यास विद्यमान भएकोले प्रदेशमा केन्द्रको सत्ता समीकरणको प्रभाव प्रत्यक्ष रूपमा परेको देखिन्छ ।

निर्वाचनमा प्रदेशसभाको टिकट वितरणदेखि प्रदेश सरकार गठन पार्टी केन्द्रको आदेश अनुसार गर्नुपर्ने दलीय आन्तरिक कानुनले संघीयताको मर्मको हुर्मत लिइरहेको अवस्था छ । दलीय व्यवस्था एकात्मक राखेर शासन व्यवस्था संघीय खोज्नु राजनीतिक पाखण्ड हो ।

संघीय संसदमा प्रतिनिधिसभा २७५ र राष्ट्रिय सभा ५९ जना सहित ३३४ जना, प्रदेश सभामा ५५० जना र स्थानीय तहमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू र वडा सदस्यहरू सहित ३७ हजार २० जना एवं राष्ट्रप्रति-उपराष्ट्रपति समेत जोड्दा कुल ३७ हजार ९०६ जना जनप्रतिनिधिहरू शासन संचालनमा संलग्न रहेका छन् । दल नियन्त्रित क्याडर वेस्ड जनप्रतिनिधिहरूको भीड र अस्थिर शासकीय संरचना संघीयताको सान्दर्भिकताको सवालमा प्रश्नको आधार हो ।

**अनदेखामा संघीय अर्थ-राजनीतिक सौन्दर्य**

नयाँ व्यवस्थाको औचित्यसिद्ध गर्ने निर्णायक औजार हो, अर्थ-राजनिति । नयाँ शासकीय व्यवस्थालाई आलोकित गर्ने मुख्य भूमिका अर्थ-राजनीतिको हुन्छ । वित्तीय संघीयताको मुख्य संवैधानिक प्रबन्ध रहेको संविधानको धारा २५० बमोजिमको संघीय सरकारले एकल रूपमा गठन गर्ने वित्त आयोग संघीयता अनुकूल देखिदैन । वित्त आयोगमा प्रदेश र स्थानीय सरकारको भूमिका नहुने भएकोले संघ सरकार दिने प्रदेश सरकार र स्थानीय सरकार लिने स्तरको सम्बन्धमा देखिन्छ ।

प्रदेश र स्थानीय सरकारहरू केन्द्रको समानीकरण अनुदान र आन्तरिक स्रोतको अपर्याप्तताको मारमा छ । सीमित स्रोत-साधनको बाबजुद प्रदेश र स्थानीय सरकारहरूले मौलिक अर्थ-राजनीति (राजस्व संकलन र बाँडफाँट) दृष्टिकोण आफ्नो नीति तथा बजेट मार्फत सार्ने संघीयताले दिएको अवसरको सदुपयोग गरेको देखिदैन । छिटफुट अपवाद बाहेक प्रदेश र स्थानीय सरकारको अर्थ-राजनीति (बजेट विनियोजन) परम्परागत र संघीय सरकारको सिकोमा आधारित छ ।

प्रदेश सरकारहरूले पूर्वाधार विकासको नाममा करिब ४५-५० प्रतिशत आफ्नो बजेट खर्च गर्दा कृषि/स्वास्थ्य/शिक्षामा १०-१२ प्रतिशत दरको हाराहारीमा खर्च गरिरहेको छ । मौलिक अर्थ-राजनीतिक दृष्टिकोण मार्फत संघीयतामा संघ सरकार/छिमेकी प्रदेश सरकार/स्थानीय सरकार अलोकप्रिय हुँदा पनि अर्को प्रदेश/स्थानीय सरकारलाई उपलब्ध स्वायत्ततामा टेकेर अरुभन्दा राम्रो गर्न सक्ने सुविधा हुन्छ । तर यस्ता संघीयता प्रदत्त अवसरलाई काठमाडौं, धरान जस्ता केही स्थानीय सरकारहरू बाहेकले परीक्षण गर्न खोजेको देखिदैन ।

संघीयता कार्यान्वयन गर्दा खर्च वृद्धिको कारणले देखाएर विश्वका अरु देशहरूमा पनि संघीयताको विरोध भएको वैश्विक अनुभवबाट सिक्ने कोसिस गरिएन । सबैभन्दा बढी मासिक २ लाख ३० हजार पारिश्रमिक लिने राष्ट्रपतिदेखि सबैभन्दा कम करिब मासिक १० हजार सुविधा लिने गाउँसभा सदस्य सहित ३७ हजार ९०६ जना वैतनिक जनप्रतिनिधिहरूको भीड संघीयतामा कायम गरिएको छ ।

स्वतन्त्र अध्ययन-अनुसन्धान नगरी प्रशासनिक निर्णयको आधारमा संघीयता कार्यान्वयनमा करिब ४१ हजार २०० कर्मचारीहरूको दरबन्दी थपिएको छ । संघीयताको कार्यान्वयनसँगै चालु खर्चको अंक र भार (प्रतिशत) दुवै बढ्दै गइरहेको तथ्याङ्कले देखाउँछ ।

आ.व. २०७३/७४ चालु खर्च ६ खर्ब १७ अर्ब १६ करोड, विनियोजनको ५८.९० प्रतिशत रहेकोमा आ.व. २०७४/७५ को चालु खर्च अंकमा ८ खर्ब ३ अर्ब ५३ करोड, विनियोजनको ६२.८ प्रतिशत देखिन्छ ।

चालु खर्चको ग्राफ राजस्व-आम्दानी र अघिल्लो वर्षहरूको तुलनामा उकालो चढिरहेको र पूँजीगत खर्च ओरालो लागिरहेको देखिन्छ । यसो हुनुको कारण संघीयतालाई मात्रै भन्न नसकिए पनि संघीय शासन प्रणालीको अर्थ-राजनीतिक दृष्टिकोणको सवालमा समीक्षा अपरिहार्य छ ।

**पुरानो व्यष्टिहरूबाट नयाँ समष्टिको मृगतृष्णा, नयाँ राजनीतिक शक्तिहरूको आगमन**

एकात्मक शासन पद्धतिबाट संघीयतामा जाँदा संघीयताको सफलताको लागि नयाँ शासकीय संरचना मात्रै पर्याप्त हुँदैन । राजनीतिक दलको एकात्मक केन्द्रीकृत संगठन र यसबाट सिर्जित क्याडर बेस्ड पार्टी प्रणाली यथावत् रहनु, कर्मचारीतन्त्र पुरानै विरासतबाट अगाडि बढिरहनु, केन्द्रको सांसद मन्त्री विशेष ठान्ने मनोविज्ञान रहनु ।

कतिपय देशमा मुख्यमन्त्री वा मेयर भनेको राष्ट्रपति/प्रधानमन्त्री हुने लाइन मानिन्छ । तर नेपालमा पावर नपुग्नेहरू प्रदेश र स्थानीय तहमा जान्छन् भन्ने खालको बुझाइ छ । यस्तो मनोविज्ञान र आचरण माथि टेकेर सफल संघीयता खोज्नु भनेको पुरानो व्यष्टिहरूबाट नयाँ समष्टि खोज्नु झैं हो ।

समकालीन राजनीतिक नेतृत्वको असफलतालाई देखाएर जनआन्दोलनले विस्थापित गरेका घोषित रूपमै संघीयता विरोधी राजावादी शक्तिको राष्ट्रिय प्रजातन्त्र पार्टीको नाममा पुनःउदय भएको छ । यो शक्तिको ऐतिहासिक दायित्व नै संघीयताको विरोध गर्नु रहन्छ ।

संघीयताप्रति तटस्थ तर प्रदेशसभाको निर्वाचन बहिष्कार गर्दै उदाएको नयाँ राजनीतिक शक्ति हो, राष्ट्रिय स्वतन्त्र पार्टी, यो पार्टीले संघीयताको पक्षमा बुलन्द भएर बोलेको छैन । बोल्नुपर्ने ऐतिहासिक दायित्व पनि छैन ।

नयाँ शक्तिहरूले संघीय व्यवस्थालाई कति दोष दिन्छन् भनेर हेर्न बाँकी छ । बदलाभाव र इतिहास बनाउने लोभमा व्यवस्था बदल्ने लाइनमा नयाँ शक्तिहरू मोडियो भने देश नयाँ राजनीतिक गोलचक्करमा फस्ने निश्चित छ ।

**नेपाली संस्करणको फेडरलिष्ट पेपर्स**

यतिका वर्षहरू व्यतीत भइसक्दा पनि पेसेजमा रहेको संघीयताको आधारभूत पक्षहरू प्रशासनिक संघीयता, घरेलु सुरक्षाको संघीयता, शिक्षाको संघीयता, वित्तीय संघीयता आदिलाई पेसेजबाट अविलम्ब निकाल्नु अनिवार्य छ । बहुआयामिक कारणहरूको जगमा संघीयताको विपक्षमा रोजै नकारात्मक संप्रेषण बढिरहेको छ ।

अमेरिकाले सन् १७८७ मा संघीयताको संविधान जारी गरेपछि सन् १७८७-१७८८ को अवधिमा संघीयता विरोधीहरूले सिर्जना गरेको भ्रमहरू चिर्न अलेक्जेण्डर ह्यामिल्टन, जोन जे र जेम्स मेडिसनहरूले फेडरलिष्ट पेपर्सको नाममा संघीयताको पक्षमा विभिन्न दस्तावेज प्रकाशित गरे । नेपालको सन्दर्भमा पनि संघीयताका पक्षधरहरूले परिष्कृत प्रस्तावना सहितको संघीयताको पक्षमा बौद्धिक जागरण ल्याउन नेपाली संस्करणको फेडरलिष्ट पेपर्स ढिला नगरी जारी गर्नुपर्ने अवस्था छ ।

*(साभार: अनलाइनखबर)*

# 'भद्रगोलमा गोल' कहिलेसम्म ?

✍कृष्णमान प्रधान

कुनै बेला 'भद्रगोल गोल हान्ने' अनि 'अव्यवस्थामा सुव्यवस्था खोज्ने' जस्ता रणनीतिक चालबाजीयुक्त भाषणसँगै पुष्पकमल दाहाल विवादित बनेका थिए । कानुनी राज्यमा नसुनिने र नसुहाउने खालका अभिव्यक्ति दिने दाहालले यतिखेर संसद्लाई त्यसरी नै उपयोग गर्न त खोजेका होइनन् । संघीय संसद् सचिवालयमा विधेयक दर्ताका प्रक्रिया र प्रवृत्ति हेर्दा त्यस्तै आभास हुन्छ ।

पहिलो, २०७२ को संविधान कार्यान्वयनका सन्दर्भमा करिब ३०० वटा कानुन निर्माण गर्नु संसद्को दायित्व रहेको छ । कानुन निर्माण नहुँदा संविधानको मर्ममै आघात परेको छ । एकल अधिकारका विषयमा धेरै ऐन निर्माण तथा संशोधन भए । साझा अधिकारका विषयमा सीमित संख्यामा मात्र ऐन बनेका छन् । संविधानका अनुसूचीमा सूचीकृत संघ-प्रदेश, संघ-प्रदेश-स्थानीय तहका साझा अधिकारका सवालमा कानुन बन्न सकिरहेका छैनन् । अझै त्यस्ता कानुन निर्माणका सन्दर्भमा विधेयकका मस्यौदासमेत कोरिएको पाइँदैन । संविधानतः प्राप्त अधिकार आठ वर्षसम्म संवैधानिक सौन्दर्यका रूपमा मात्र सीमित हुनुलाई राज्य संयन्त्र जवाफदेह नभएका रूपमा अर्थ्याउन सकिन्छ ।

दोस्रो, सरकार 'केही नेपाल ऐनलाई संशोधन' मार्फत भएभरका कानुन एकै चोटि संशोधन गर्न उद्यत हुँदै छ । अघिल्लो अधिवेशनमा 'केही ऐन' संशोधन पार्दै १९ वटा कानुन संशोधन विधेयक दर्ता गराएको थियो । यसपालि पनि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट गएको वैशाख २६ मा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०८०' दर्ता भएको छ, जसमा सरकारले एकै विधेयकभित्र ७९ ऐन संशोधन गर्न खोज्दै छ । सायद, एकै विधेयकभित्र त्यति धेरै ऐन संशोधन गर्न खोजिएको सम्भवतः पहिलो' घटना हुनुपर्छ । संसद्ले कानुन निर्माणको संसदीय इतिहास पनि खोतल्नुपर्ने देखिन्छ ।

सरकारले संसद् र सांसदलाई रनभुल्ल पार्ने शैलीमा यसरी केही ऐन संशोधन गर्नुको मक्सद कतै 'हूलमूलमा गोल गरी' कसैलाई लाभ पुर्‍याउनु त होइन । केही ऐन, धेरै कानुन संशोधन पनि अव्यवस्थाको सूचक हो । कानुनबाट अनुचित लाभ दिलाउन खोजिएका र कानुन निर्माण नै 'प्रकरण' मा रूपान्तरित भएका अनगिन्ती घटना हाम्रा सामु छन् । केही ऐन संशोधनभित्र पारेर संसद् र सांसदले समेत थाहा नपाउने गरी निश्चित व्यापारिक घरानालाई आर्थिक लाभ पुर्‍याएको खेल पनि मुलुकले भोगेकै हो ।

हो, नयाँ संविधानसँगै राज्य संघीयतामा चलिरहेको हुँदा पूर्ववत् अवस्थामा प्रचलित शब्दावली परिवर्तन गर्नुपर्ने हुन्छ । त्यस्ता सामान्य विषयका हकमा केही ऐन संशोधनमार्फत परिवर्तन गर्नु अनौठो मानिँदैन । जस्तै, नेपाल प्रहरीमा क्षेत्रीय कार्यालय थियो, जसको सट्टामा 'प्रदेश' राख्नु स्वाभाविक हुन्छ । ऐनमा 'रजिस्ट्रारमा' भएको ठाउँमा 'दर्ता किताबमा' शब्द राख्नु पनि अन्यथा होइन ।

मुलुक एकात्मक राज्य पद्धतिमा हुँदा 'स्थानीय निकाय' भन्ने शब्दावली बहुप्रचलनमा थियो, जसको ठाउँमा 'स्थानीय तह' भनी संशोधन गर्न खोज्नु पनि जायज हो । अझ यस्ता शब्दावली संविधान जारी भएपछिका वर्षभित्रै संसद्द्वारा परिवर्तन गरिनुपर्थ्यो । कानुनतः नाम परिवर्तन हुन नै आठ वर्ष कुर्नुपर्ने अवस्था देखिनु राम्रो होइन । यसले हाम्रो राज्य व्यवस्था नै जनताप्रति उत्तरदायी नभएको देखाउँछ । संविधान परिवर्तन हुने तर कानुन परिवर्तन नहुने प्रवृत्तिले राज्य सञ्चालनको वैधतामै प्रश्न उठाउँछ । यसले सरकारी संयन्त्रका पात्रहरू संविधानतः समयमै जवाफदेह नभएको तथ्य स्थापित गर्छ ।

मूल कानुनमा 'लिन सक्नेछ' को ठाउँमा 'लिनुपर्नेछ' शब्द मात्रै हेराफेरीका निम्ति सिङ्गो कानुन संशोधनको माग राख्नु जायज नहोला । किनभने विधेयक मस्यौदा छाप्न खर्च लाग्छ नै । कानुनको व्याख्यामा 'लिन सक्नेछ' र 'लिनुपर्नेछ' बीचको भेद छ नै । किनभने 'सक्नेछ' भन्नुले सक्दा मात्र हो भन्ने व्याख्या हुन सक्छ, तर 'लिनुपर्नछे' भन्ने शब्दले छुट नदिएको अर्थमा बुझिनेछ ।

हामीकहाँ बारबार मन्त्रालय संख्या थपघट हुँदा समस्या छ नै । नेपाल खानेपानी संस्थान ऐनमा 'भौतिक योजना तथा निर्माण मन्त्रालय' उल्लेख छ, तर मन्त्रालय टुक्रिँदै जाँदा 'खानेपानी मन्त्रालय' मा सीमित भयो । मन्त्रालय जोड्ने र टुर्‍याउने रोगको मारमा पनि मुलुक परेको छ । त्यसनिम्ति कानुन संशोधन गरिरहनुको पीडामा मुलुक छ नै । मन्त्रालय संख्या तोक्ने अधिकार संसद् स्वयंले किन नलिने । संसद्ले कानुन निर्माण गरी सरकारलाई मन्त्रालयको संख्या तोक्ने दिने अधिकार कटौती गर्नुपर्ने देखिन्छ ।

कुनै बेला कुनै दललाई 'प्रतिनिधिसभा' शब्द मन नपरेपछि 'व्यवस्थापिका-संसद्' नामकरण गरियो । फेरि संविधानमार्फत 'प्रतिनिधिसभा' नै ब्यूँतियो । कानुनमा परेको 'व्यवस्थापिका-संसद्' का ठाउँमा संशोधन आवश्यक पर्छ नै । अब दुवै सदनलाई बुझाउन 'संघीय संसद्' र तल्लो सदनलाई 'प्रतिनिधिसभा' नामकरण गर्न केही ऐन संशोधन गर्नुलाई अन्यथा भन्न मिल्दैन ।

अर्को त, 'प्रतिबन्धात्मक वाक्यांश' का प्रावधान फेरबदल गरिँदा 'तल-माथि' हुने डर हुन्छ । औषधि ऐन-२०३५ मा 'उत्पादन अनुज्ञापत्र, प्रमाणपत्र अवधि र नवीकरण' मा अवधिको हेर फेर गरिएको छ । यसरी अवधि तोक्दा त्यसमा स्वार्थको खेल हुन सक्ने अधिक सम्भावना छ । ऐनको 'मक्सद' नै परिवर्तन हुने संशोधन मूल संशोधनमार्फत हुनुपर्छ, न कि केही नेपाल ऐन संशोधनमार्फत । त्यसकारण, 'केही ऐन संशोधन' मार्फत अनगिन्ती कानुन परिवर्तन गर्ने सरकारी सोचलाई लिएर सांसदहरू एक चोटि घोत्लिनु आवश्यक देखिन्छ । 'केही ऐन संशोधनका हकमा' कतै प्रधानमन्त्री दाहाल रणनीतिमूलक ढंगले भद्रगोलमा गोल त हान्दै छैनन् ।

संशोधनका निम्ति प्रस्तावित दफामा राखिएका प्रावधानका मक्सद, स्वार्थ र अनुचित लाभको हिसाब-किताब गर्न जनप्रतिनिधिहरूले शंकाको चस्मा पहिरिनु जरुरी हुन्छ । त्यसरी शंका नगर्ने हो भने कानुनबाटै अनुचित लाभ लिने खतरा रहन्छ । मूल ऐनलाई असर नपार्ने गरी नाम परिवर्तन गर्नुलाई अनुचित मान्नु हुँदैन, यसले संसद् र सांसदको समय बचाउँछ । तर, हूलमूलमा परेर ऐनको 'मूल मक्सद' नै तोडमोड गर्न खोजियो भने त्यो सरकारको 'असल मनसाय' भित्र पर्दैन । त्यसलाई बदनियतकै रूपमा लिइनुपर्छ ।

दाहाल नेतृत्वको सरकार बनेलगत्तै पनि केही ऐन संशोधनमार्फत एकै चोटि १९ वटा ऐन संशोधन गर्न खोजिएकै हो । संसद् र संसदीय परिवेश बुझ्न नपाउँदै 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०७९' सांसदहरूका हातहातमा परेको थियो । २०७९ माघ २७ मा दर्ता भएको उक्त संशोधन विधेयकका कतिपय विषय अझै विवादित छन् । उक्त केही नेपाल संशोधन विधेयक संसद्मै विचाराधीन छ । सरकारले सम्पत्ति आर्जनको स्रोत खुलाउन नसकेको धनमा कर तिरेमा वैधता दिलाउन खोजेको भनी प्रश्न उठेकै हो । खासमा मूल ऐनको 'मक्सद' मा व्यापक संशोधन गरिँदा सरोकारवालाहरूसँग सामान्य छलफल वा परामर्शसम्म नगरिएपछि शंकाको दायरा बढेको थियो ।

विधेयकको खाका कोर्दा र कानुन निर्माण प्रक्रियाले सम्बद्ध समकालीन समाजको अवधारणा, अनुभूति, सोच र आवश्यकता अभिव्यक्त गरेको हुनुपर्ने लोकतान्त्रिक मान्यता छ । नागरिकको सार्वभौम अधिकारको प्रतिनिधित्व गरेका जनप्रतिनिधिले आम जनताको इच्छा कानुनमा प्रतिविम्बित गर्ने जिम्मेवारी पाएका हुन्छन् । विधेयकको मस्यौदा कोर्दादेखि नै विषयविज्ञ, सरोकारवाला र आम नागरिकसँग व्यापक छलफल र परामर्श गरी सहभागितामूलक कानुन निर्माणको अभ्यास अघि बढाउनु अपरिहार्य हुन्छ । लोकतन्त्र विधिको शासनमा आधारित हुन्छ, 'अव्यवस्थाभित्र सुव्यवस्था' खोज्ने चरित्र कदापि लोकतान्त्रिक हुन सक्दैन । लोकतन्त्रलाई दरिलो तुल्याउने आधारभूत तत्त्व भनेको कानुन हो । अनि संसद्को मुख्य काम र जिम्मेवारी भनेको कानुन निर्माण गर्नु हो । संविधान बमोजिम आवश्यक कानुनहरू तर्जुमा र संशोधन गर्नु संसदीय मूलभूत कार्य हो । देशका लागि आवश्यक पर्ने कानुन निर्माण गर्ने र सरकारलाई सदनप्रति उत्तरदायी बनाउन प्रश्न उठाइरहने कर्म पनि संसद्कै हो । *(साभार: ई-कान्तिपुर)*

# ओरियन्टलभन्दा पाँच गुणा ठूलो शिवशिखर सहकारी घोटाला



केदारनाथ शर्मा
सहकारी सञ्चालक

काठमाडौं/१२ वर्षअघि ओरियन्टल सहकारी संस्थामार्फत त्यसका अध्यक्ष सुधीर बस्नेतले सर्वसाधारण निक्षेपकर्ताको ४ अर्ब अपचलन गरेको विषय अहिलेसम्मकै बहुचर्चित घटना हो । त्यसपछि ईच्छाराज तामाङ नेतृत्वको सिभिल सहकारीले ६ अर्ब रुपैयाँ अपचलन गरेपछि उनी जेलमा छन् ।

यी दुई सहकारीको तुलनामा धेरै नै ठूलो घोटालाका नायकका रुपमा देखा परेका छन्, केदारनाथ शर्मा न्यौपाने, जसले शिवशिखर बहुउद्देश्यीय तथा तुलसी सहकारीमार्फत् सर्वसाधारण निक्षेपकर्ताको करिब साढे १५ अर्ब रकम अपचलन गरेको खुलेको छ । त्यति मात्रै होइन, शर्माले आफ्नै लगानीमा शिखर अर्गनाइजेसन खडा गरी त्यसअन्तर्गतका विभिन्न कम्पनीमा विभिन्न बैंकबाट साढे ५ अर्ब रुपैयाँ लिएको समेत खुलेको छ । यसरी सम्पूर्ण रकम हिसाब गर्दा शिवशिखरका शर्माले गरेको घोटाला ओरियन्टलको तुलनामा पाँच गुणाभन्दा ठूलो देखिएको छ । लामो समय फरार भएका शर्मा सोमबार भारतबाट पक्राउ परेका छन् ।

**भारत पलायन गराए ६ अर्ब**

सीआईबीका प्रहरी उपरीक्षक नवराज अधिकारीले दिएको जानकारीअनुसार हालसम्म शिवशिखर सहकारीको रकम शिखर अर्गनाइजेसनअन्तर्गतका विभिन्न ४३ वटा निजी कम्पनीमा लगानी गरेको खुलेको छ । शिखर अर्गनाइजेसन उनी र उनको परिवारको नामको निजी कम्पनी हो । ती कम्पनीहरुमा उनले सहकारीका निक्षेपकर्ताको रकम दुरुपयोग गरेका सीआईबीले जानकारी दिएको छ ।

ती कम्पनीमा उनले ८ अर्ब रुपैयाँ लगानी गरेको देखिएको छ । 'त्यही रकममध्ये ६ अर्ब भारत लगेको देखिएको छ,' सीआईबी स्रोतले भन्यो । बाँकी रकमको रेकर्ड सीआईबीले पनि भेट्टाउन सकेको छैन ।

भारतमा पनि त्यहाँका स्थानीय साझेदारसँग मिलेर आफूले खाद्यान्न क्षेत्रमा लगानी गरेको जानकारी शर्माले सीआईबीलाई गराएका छन् । 'भारतमा दाल चामललगायत क्षेत्रका व्यापारिक कम्पनीमा लगानी गरेको जानकारी दिएका छन्,' सीआईबी स्रोतले भन्यो ।

शर्माले आफूलाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबाट प्रभावित रहेको बताउने गरेका थिए । मुम्बइमा एक जना विधायकको घरबाट पक्राउ परेका उनको भारतमा राजनीतिक सम्पर्क राम्रै रहेको देखिन्छ ।

यसका साथै आफू र आफ्ना परिवारका सदस्यका नाममा घरजग्गा, सवारी साधनलगायत खरिद गरेर समेत सर्वसाधारणको निक्षेपको दुरुपयोग गरेको सीआईबीले जनाएको छ । शर्माले 'आफूले सर्वसाधारणलाई निक्षेप रकम तिर्ने र त्यसका लागि वातावरण बनाइदिन आग्रह गरेको' जानकारी पनि प्रहरीले दिएको छ । उनलाई प्रहरीले अनुसन्धानका लागि थुनामा राख्ने म्याद थप गर्नका लागि अदालतमा उपस्थित गराएको छ ।

शिवशिखर सहकारीले देशभर ३५ शाखा कार्यालयमार्फत रकम संकलन गरेका थिए ।

**६ वटा बैंकको साढे ५ अर्ब कर्जा जोखिममा**

सहकारीको स्रोतको मात्रै दुरुपयोग नभएर शर्माका विभिन्न कम्पनीमा बैंकहरुको अर्बौं लगानीसमेत जोखिममा परेको देखिएको छ । बैंकहरुबाट करिब साढे ५ अर्ब हाराहारी कर्जा लगानी भएकोमा बैंकहरुको केही कर्जामा धितो छ भने केही कर्जामा धितोसमेत नभएको स्रोतको दाबी छ । असोजपछि केहीकम्पनी बाहेक अधिकांश कम्पनीले सावाँ तथा ब्याज भुक्तानी नगरेको एक बैंकका प्रमुख कार्यकारी अधिकृतले बताए ।

शर्माले सबैभन्दा धेरै कर्जा नेपाल एसबीआई बैंकबाट लिएको समेत स्रोत दाबी छ । बैंकले करिब पौने २ अर्ब कर्जा शर्माका विभिन्न कम्पनीमा लगानी गरेको छ । एसबीआई बैंकले शिखर अर्गनाइजेसनका कम्पनीलाई ऋण दिएको तर त्यसको यकिन तथ्यांक भने भन्न नसक्ने बैंकका प्रमुख कर्जा अधिकृत अर्जुन नेपालले बताए । यसबाहेक नबिल बैंकको करिब २० करोड कर्जा लगानी गरेको छ । शर्माको वाटर पम्प कम्पनीमा नबिल बैंकको लगानी रहेको र त्यसको धितासमेत रहेको प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए ।

शर्मा र उनकी श्रीमती गीता शर्माको नाममा रहेको विभिन्न कम्पनीमा हिमालयन बैंकको सवा अर्ब भन्दा बढी कर्जा लगानी भएको स्रोतको दाबी छ । यस्तै, नेपाल इन्भेष्टमेन्ट बैंकको करिब ९० करोड कर्जा लगानी छ ।

माछापुच्छ्रे बैंकले २ वटा उद्योगमा करिब ६८ करोड लगानी गरेको छ । जसमध्ये मोरङको शनिश्चरेमा रहेको गोर्खा टी स्टेट अहिले पनि सञ्चालनमा छ । त्यसको कर्जा नियमित भए पनि माछापुच्छ्रे बैंकले लगानी गरेको अर्को एक परियोजना बन्द छ । जसमा करिब ४८ करोड कर्जा लगानी रहेको स्रोतले बतायो । त्यस्तै, उनको कम्पनीमा प्रभु बैंकको पनि ३५ देखि ४० करोड रुपैयाँ लगानी रहेको स्रोतको भनाइ छ । यसबाहेक एनएमबी बैंकले पनि करिब ८ करोड कर्जा लगानी गरेको स्रोतले जानकारी दियो ।

**यसरी अपचलन गरियो सर्वसाधारणको रकम**

यसरी निक्षेपकर्ताको बचत रकम आफ्नो व्यक्तिगत व्यवसायमा दुरुपयोग गरेपछि शिवशिखर बहुउद्देश्यीय सहकारी र तुलसी सहकारी दुवैले बचतकर्ताको पैसा फिर्ता गर्न नसकेको वर्ष पुग्न लागिसकेको छ । शिवशिखरमा सर्वसाधारणको निक्षेप र शेयरपुँजी गरी १४ अर्ब रुपैयाँ थियो । हालसम्म प्राप्त तथ्यांकअनुसार त्यसमध्ये १० अर्ब ७७ करोड ७६ लाख रुपैयाँ निक्षेप मात्रै रहेको सीआईबीले जनाएको छ । १ लाख ६८ हजार ७२५ बचतकर्ताले सो रकम जम्मा गरेको सीआईबीले जनाएको छ ।

उनले भक्तपुरको सल्लाघारीमा शिवशिखर कृषि सहकारी र कौशलटारमा शिखरदीप बहुउद्देश्यीय सहकारी दुवै चलाउँदै आएका थिए । यी दुई सहकारीलाई २०७७ सालमा मर्ज गरेर उनले शिवशिखर बहुउद्देश्यीय सहकारी बनाएका थिए । यो सहकारीबाट सर्वसाधारणको अर्बौं निक्षेप दुरुपयोग गरिरहेका शर्माले सुशील बानियाँलाई अध्यक्ष बनाएका थिए । त्यससँगै उनले विराटनगरमा केन्द्रीय कार्यालय राखेर तुलसी बचत तथा ऋण सहकारी खोले र त्यसको अध्यक्ष बने । त्यस सहकारीमा पनि निक्षेपकर्ताको १ अर्ब ४५ करोड ७५ लाख रुपैयाँ भन्दा बढी निक्षेप दायित्व छ । त्यो सहकारी पनि बन्द छ ।

दुई वटा सहकारीको पैसा अपचलन गरेका उनीसहितका सञ्चालकलाई पक्राउ गर्न सहकारी विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई पत्राचार गरेको थियो । विभागले गरेको पत्राचारको आधारमा शिवशिखर सहकारीका ९ जना सञ्चालकमध्ये अमिस राजभण्डारी, गीता शर्मा र पुष्कर मल्ललाई केन्द्रीय अनुसन्धान ब्युरोले यसअघि नै पक्राउ गरी अनुसन्धान गरिरहेको छ । गीता शर्मा केदारनाथ शर्माकी श्रीमती हुन् । पक्राउ परेका सञ्चालकहरु अहिले पुर्पक्षका लागि थुनामा छन् ।

देशका विभिन्न स्थानमा १८ वटा मार्ट सञ्चालन गरेको शिवशिखर सहकारीको करिब ३ अर्ब कर्जा लगानीको सहकारी विभागको रेकर्डमा भेटिन्छ । 'सीआईबीलाई पत्राचार गर्नुभन्दा अगाडि सञ्चालक समितिका सदस्यहरुलाई बोलाएर छलफल गर्दा उनीहरुले लगानीबारे पूर्वअध्यक्ष शर्मा मात्रै जानकार रहेको बताएका थिए,' ती कर्मचारीले भने । शर्मा पक्राउ परेपछि उनले गरेको लगानीको थप विवरण आउने अपेक्षा सीआईबीले गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरिरहेको भक्तपुरका शाखाका १ हजार २ सय ९२ जना निक्षेपकर्ताले शिव शिखर विरुद्ध उजुरी दिएका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का प्रहरी उपरीक्षक अधिकारीका अनुसार भक्तपुरका निक्षेपकर्ताले ६६ करोड ३१ लाख रुपैयाँ बिगो दाबीसहित उजुरी दिएका थिए । शिवशिखर सहकारीको कीर्तिपुर शाखामा ५ हजार दुई सयजनाभन्दा बढी बचतकर्ता छन् । अहिले शिवशिखर सहकारीमा निक्षेप जम्मा गरेका देशभरका निक्षेपकर्ताहरु आफूनजिकको कार्यालयमा पुगेर पैसा फिर्ता मागिरहेका छन् ।

शिवशिखर मात्रै नभएर शर्मा अध्यक्ष भएको विराटनगरको तुलसी सहकारीको अवस्था पनि समान छ । सहकारी विभागको पत्राचारपछि प्रहरीले तुलसी बहुमुखी सहकारीको अध्ययन सुरु गरेको थियो । १ फागुनदेखि सहकारीको कार्यालय बन्द छ ।

तुलसी सहकारीमा मात्रै १ अर्ब ४५ करोड रुपैयाँभन्दा बढी निक्षेप दायित्व रहेको छ । यसमध्ये ४१ करोडभन्दा बढी कर्जा भने सहकारीका अध्यक्ष केदारनाथ शर्माले आफ्नै निजी कम्पनीमा लगानी गरेको देखिएको हो । सहकारीका उपाध्यक्ष, सचिव र व्यवस्थापक ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा छन् । बचतकर्ताले ठगीको उजुरी दिएपछि पक्राउ परेका उपाध्यक्ष अनिता गौतम, सचिव सविना न्यौपाने र प्रबन्धक मन्दिप खवासलाई जिल्ला अदालत मोरङले २४ चैतमा ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा पठाएको हो । सविना न्यौपानेले तुलसी सहकारीको सबै व्यवस्थापन हेर्दै आएकी थिइन् । तुलसी सहकारीसँग जोडिएका शर्माका सबै व्यवसाय सविना न्यौपानेले नै हेर्दै आएकी थिएन् । शिवशिखरमा श्रीमतीलाई सञ्चालक बनाएका शर्माले तुलसीमा आफु अध्यक्ष भएर आफ्नै विश्वासपात्र सविनालाई सचिव बनाई दुईवटै सहकारीको स्रोत दुरुपयोग गर्दै आएका थिए ।

शर्माको शिखर अर्गनाइजेसन मातहत ४३ वटा भएको सीआईबीले पत्ता लगाएको छ । त्यसमध्ये ६ वटा कम्पनीमा तुलसी सहकारीको ४१ करोड ६३ लाख ९५ हजार ३७८ रुपैयाँ लगानी भएको प्रहरीको अनुसन्धानमा खुलेको छ । सहकारीको विराटनगरस्थित केन्द्रीय कार्यालयबाट तुलसी मोटर पम्प प्रालिमा २४ करोड ५ लाख ५७ हजार, ६०० रुपैयाँ, नटराज एग्रो प्रालिमा ४ करोड २८ लाख ८० हजार ७७ रुपैयाँ र शिखर अर्गनाइजेसन प्रालिमा ५ करोड ६७ लाख ५० हजार ५८३ रुपैयाँ ऋण लगानी भएको छ ।

सहकारीको दमक शाखाबाट गोर्खा टी एण्ड कफी उद्योगमा २ करोड १५ लाख ७८ हजार ७८७ रुपैयाँ, शिवशिखर अर्गनाइजेसन प्रालिलाई एक करोड ४२ लाख ८४ हजार १३८ रुपैयाँ ऋण प्रवाह भएको छ । गाईघाट शाखाबाट तुलसी अनुसन्धान केन्द्रमा ४ करोड ३ लाख ४४ हजार २०२ रुपैयाँ लगानी गरेको छ ।

सहकारीले ऋण दिएको ६ वटै कम्पनी, तुलसी सहकारीका अध्यक्ष शर्माकै हो । ऋण लगानी गर्दा पर्याप्त धितो राखिएको छैन । सञ्चालक समितिको माइन्यूटका आधारमा ऋण लगानी गरेको खुलेको अनुसन्धान अधिकृतहरु बताउँछन् । स्रोतका अनुसार दमक शाखाबाट ऋण लगानी भएको गोर्खा टि एण्ड कफी उद्योगको जग्गा एक वाणिज्य बैंकमा धितो राखेर करिब १६ करोड रुपैयाँ ऋण लिइएको छ ।

सहकारी ऐन २०७४ ले आफ्ना सदस्यहरुको मात्रै बचत स्वीकार गर्ने, त्यसको परिचालन गर्ने र सदस्यलाई मात्रै ऋण प्रदान गर्नसक्ने व्यवस्था गरेको छ । सहकारी ऐन २०७४ को दफा ५० को उपदफा ८ भनिएको छ, 'सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्नबाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैङ्को सहकारी बैंकबाहेक सेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नुहुँदैन ।' सहकारीको सञ्चालक समितिका सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति बचत वा सेयर रकम हिनामिना गर्नु, तोकिएको भन्दा बढी ऋण प्रदान गर्दा धितो नराख्नु कसुर हुने ऐनमा व्यवस्था छ ।

तर, शर्मा अध्यक्ष रहेको तुलसी सहकारीले भने उनकै लगानी रहेको विभिन्न प्राइभेट फर्म तथा कम्पनीमा लगानी गरेको पाइएको हो । त्यति मात्रै होइन, अध्यक्ष शर्माले सर्वसाधारणबाट उठाएको बचत रकमले आफ्नो निजी घर समेत बनाएको खुलेको थियो । अध्यक्ष शर्माको नाममा विराटनगर-३ मा एक करोड ८० लाखमा घरसहित १५ धुर जग्गा खरिद गरेको पनि पाइएको छ ।

बचतकर्ताको बचत रकम आफ्नो कम्पनीमा लगेर शर्माले उदयपुरमा चार तले भवन बनाएका थिए । यसबाहेक शिखर ग्रुपअन्तर्गत देशभर विभिन्न कम्पनीको नाममा जग्गा र भवनमा लगानी गरेका उनले उले त्यसमा सहकारीको स्रोतको नै दुरुपयोग गरेको आशंका प्रहरीले गरेको छ । सहकारीको रकमबाट कम्पनीको नाममा भवना बनाएर उनले उदयपुरमा गार्डेन मार्ट सञ्चालन गरिरहेको थिए । मोरङको लेटाङमा मार्ट सञ्चालनका लागि पाँच करोड लगानी गरेका छन् । सिरहाको गोलबजारमा सहकारीको कार्यालय र गार्डेन मार्ट खोल्नका लागि चार करोड लगानी गरेको छ । झापाको दमकमा मार्टमा २५ करोड लगानी गरेको छ ।

**तुलसी सहकारीमा २१ हजार बढी पीडित**

विराटनगरमा केन्द्रीय कार्यालय रहेको तुलसी सहकारीमा २१ हजार १५४ वटा बचत खाता खुलेका छन् । जसमध्ये केन्द्रीय कार्यालय, विराटनगरका एक हजार ३ सय ७ जना बचतकर्ताले ५० करोड ८८ लाख ७८ हजार ७ सय २८ रुपैयाँ ठगी गरेको दाबीसहित प्रहरीमा उजुरी दिएका थिए ।

त्यसका आधारमा अनुसन्धान गरेको प्रहरीले तयार पारेको प्रतिवेदनका आधारमा सरकारी वकिलको कार्यालयले बचतकर्ताको ५० करोड ८८ लाख र स्रेस्ता नखुलेको १६ करोड ९७ लाख ४२ हजार ५ सय ४० सहित ६७ करोड ८६ लाख २१ हजार २८६ रुपैयाँ ठगी गरेको दाबीसहित मुद्दा दायर गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९/१२/२९ गते हेटौंडा-४ पारिजात पथमा पार्किङ्ग गरिराखेको अवस्थाबाट करिब साँझ ७:०० बजे हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ९६३
**मोटरसाइकल धनीको नाम:** प्रदिप रिमाल, हेटौंडा-८, कमाने, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो रातो
**चेचिस नम्बर:** MD2A13EXXMCE91106
**इन्जिन नम्बर:** DKXCME11851
**सम्पर्क फोन नम्बर:** ९८४५५९९९१३

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रेश्माको न डेब्यू फिल्म चल्यो न कमब्याक



काठमाडौं/रेश्मा घिमिरेलाई टिकटक्ले चिनाएको हो । तर, टिकटक्ले चिनाउनुभन्दा धेरै अगाडि उनले फिल्ममा मुख्य अभिनेत्री भएर काम गरिसकेकी थिइन् । ८ वर्ष अगाडि प्रदर्शनमा आएको फिल्म 'यो साइनो मायाको'बाट उनले अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । तर, पहिलो गाँसमै उनलाई ढुंगा लाग्यो । फिल्म न व्यावसायिक रुपमा सफल हुन सक्यो न रेश्माले अभिनयको प्रशंसा कमाइन् ।

डेब्यू फिल्मको असफलतापछि पढाईमा एकाग्र भएकी उनी एकाएक टिकटकबाट चर्चामा आइन् । अहिले उनको टिकटकमा १३ लाखभन्दा बढी फलोअर्स छन् । उनलाई 'एक्सप्रेसन क्विन' भन्ने गरिन्छ । टिकटकबाट चर्चामा आएपछि रेश्मालाई धेरै फिल्मबाट प्रस्ताव पुगे । तर, उनले ८ वर्षपछि फिल्म 'अन्तिम संस्कार' छनोट गरिन् । उनले विवाह गरेपश्चात् यो फिल्ममा काम गरेकी हुन् ।

रेश्मालाई कमब्याक फिल्मप्रति कति ठूलो आशा थियो भन्ने कुरा प्रचारमा उनको दौडधुपले देखाउँथ्यो । उनी यो फिल्मको प्रचारमा गजबसँग खटेकी थिइन् । तर, उनको डेब्यू फिल्मको जस्तै हविगत कमब्याक फिल्मको पनि भएको छ । फिल्मले प्रदर्शनको चार दिनमा जम्मा ४ लाख २४ हजार नेट कमाई गरेको चलचित्र विकास बोर्डको तथ्यांकमा देखिन्छ । अर्थात् फिल्म 'फ्लप' भएको छ ।

श्रीमान बस्ने देश अमेरिका जाने तयारीमा रहेकी रेश्माले अब अभिनेता अनमोल केसीसँग फिल्म 'फर्की फर्की'मा काम गर्न लागेको चर्चा छ । उनीसँग निर्माण टिमको मौखिक सहमति भैसकेको छ । फिल्ममा उनको सहायक भूमिका रहनेछ । डेब्यू र कमब्याक फिल्मको असफलताले दिएको चोटमा अब रेश्मालाई 'फर्की फर्की'ले सफलताको मलहम-पट्टी गर्न पो सक्ला कि नसक्ला कुन्नी ?

# 'परस्त्री'को हिन्दी भर्सन नेपालमा रिलिज नहुने



काठमाडौं/नेपाली र भारतीय भाषामा तयार भएको फिल्म 'परस्त्री' नेपालमा भने नेपाली भाषामा मात्र प्रदर्शन हुने भएको छ । केही समयअघि फिल्मको टिमले हिन्दी भर्सनलाई पनि नेपालमा प्रदर्शन गर्ने योजना बनाएको थियो । तर, अब फिल्मको हिन्दी डब भर्सन नेपालमा नलगाइने भएको छ । नेपालमा नेपाली भाषा र भारतमा हिन्दी भाषामा फिल्म प्रदर्शन हुने निर्देशक सुरज पाण्डेले जानकारी दिए ।

अहिले मुम्बईमा रहेका निर्देशक पाण्डेले फेसबुकमा लेखेका छन्, 'हामीले निर्माण गरेको नेपाली र हिन्दी भाषाको चलचित्र 'परस्त्री' यही असार १५ गतेदेखि नेपाल र भारतमा एकैसाथ प्रदर्शन हुने कुरा हाम्रा दर्शकहरुलाई जानकारी गराउन चाहन्छु । साथै हिन्दी भाषामा रहेको 'परस्त्री'को संस्करण भारतमा मात्रै प्रदर्शन हुनेछ भने नेपाली भाषामा रहेको 'परस्त्री' नेपालमा प्रदर्शन हुनेछ ।'

फिल्मका लेखक तथा निर्माता दीपेन्द्र के. खनालले हिन्दी भाषा नेपालमा रिलिज गर्न आवश्यक नदेखेकाले अब 'परस्त्री' नेपालमा नेपाली भाषामा मात्र प्रदर्शन हुने बताए । उनले भने, 'नेपालमा नेपाली भाषा मात्र रिलिज गरौं भन्ने उद्देश्य हो । भाषा मात्र न फरक हो, भिजुअल ल्याङवेज त एउटै हो । त्यसैले हिन्दी भाषा नेपालमा रिलिज गर्दैनौं । अब भारतमा मात्र हिन्दी भाषा प्रदर्शन हुन्छ ।'

फिल्ममा शिल्पा मास्के, गौरव विष्ट, कोशिस क्षेत्री, शिल्पा मास्के, गौरव बिष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा, रामबाबु रेग्मी, सरस्वती अधिकारी, झकेन बिसी, अर्पित न्यौपाने लगायतको अभिनय छ । शर्मिला पाण्डे फिल्मकी निर्मात्री हुन् । फिल्मलाई निरज कँडेलले खिचेका हुन् । फिल्मको भारत प्रदर्शन तथा प्रिमियरका लागि निर्देशक पाण्डेसहित कलाकारको टिम अहिले मुम्बईमा रहेको छ ।


# ३६ दिनमा प्याकअप भयो निश्चलको 'दिमाग खराब'

काठमाडौं/६ वर्षपछि निर्देशनमा फर्किएका सेलिब्रेटी निर्देशक निश्चल बस्नेतले ३६ दिनमा फिल्म 'दिमाग खराब'को छायांकन पूरा गरेका छन् । सोमबार काठमाडौंको पिंगलास्थानस्थित नेपाल फिल्म क्याम्पसमा फिल्मको अन्तिम सिन खिचिएको हो । सेड्युल (४० दिन) भन्दा ४ दिन अगावै 'प्याकअप' भएको फिल्मको काभ्रेको पाँचखाल क्षेत्र र काठमाडौंको विभिन्न स्थानमा छायांकन गरिएको छ ।

फिल्मकी प्रमुख अभिनेत्री स्वस्तिमा खड्काले फेसबुकमा सेअर गरेको सुटिङ 'प्याकअप'पछिको सामुहिक तस्विरको पृष्ठभूमिमा लोकतान्त्रिक जनविश्वास पार्टीको बोर्ड देखिन्छ । यसले फिल्म राजनीतिक विषयमा आधारित र हेको बुझाउँछ । जनता र शक्तिको कथामा बनेको फिल्म आगामी कात्तिक २४ गते प्रदर्शन हुँदैछ । निश्चलको कमब्याक फिल्म भएकाले दर्शकमा अपेक्षा उच्च छ ।

फिल्ममा स्वस्तिमाका साथै खगेन्द्र लामिछाने, दयाहाङ राई, अर्पण थापा र विजय बरालको मुख्य भूमिका रहेको छ । स्वस्तिमाले पहिलो पटक श्रीमान् निश्चल बस्नेतको निर्देशनमा फिल्ममा काम गरेकी हुन् । उनीहरुले यसअघि आधा दर्जनभन्दा बढी म्यूजिक भिडियोसँगै फिल्म 'घामड शेरे'मा एकसाथ अभिनय गरेका थिए । 'दिमाग खराब'मा आकाश बरालको पटकथा लेखन रहेको छ ।

ब्ल्याक हर्स पिक्चर्स र सिनेमा आर्टस्को ब्यानरमा निर्माण हुने फिल्ममा निमेष श्रेष्ठको सम्पादन, सुशन प्रजापतिको छायांकन, जयन के वाइवा र कालीप्रसाद बाँस्कोटाको संगीत रहनेछ । फिल्मको निर्मातामा रौनक विक्रम कँडेल र कार्यकारी निर्मातामा सुरज बम ठकुरी छन् । निश्चलले आफ्नो दोस्रो फिल्म 'टलकजंग भर्सेस टुल्के' रिलिज लगत्तै 'दिमाग खराब' निर्माणको घोषणा गरेका थिए ।

"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# हेटौंडा अस्पतालमा 'छिट्टै मिर्गौला प्रत्यारोपण'

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/हेटौंडा अस्पतालमा निकट भविष्यमै मिर्गौला प्रत्यारोपण सुरु हुने भएको छ । अस्पतालले आवश्यक पूर्वाधार र औजार व्यवस्था गरिसकेको भन्दै तयारी सक्काएर मिर्गौला प्रत्यारोपण सुरु गर्ने जनाएको हो ।

तर, हेटौंडा अस्पतालमा मिर्गौला प्रत्यारोपणका लागि शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरको प्रत्यक्ष सहयोग आवश्यक रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.रामचन्द्र सापकोटाले बताएका छन् । अस्पतालमा पूर्वाधार तयार भइसकेको र प्राविधिक कामहरु बाँकी रहेकाले आगामी ६ महिनाभित्र मिर्गौला प्रत्यारोपण सेवा दिन सकिने सापकोटाले बताएका हुन् । मंगलबार हेटौंडामा शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको सहकार्यमा हेल्थपाटी डटकमले आयोजना गरेको अंगदान र प्रत्यारोपण सम्बन्धि अन्तरक्रिया कार्यक्रममा अस्पतालबाट छिट्टै मिर्गौला प्रत्यारोपण गर्ने व्यवस्था मिलाउन सरोकारवालाले जोड दिएका छन् ।

हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामा, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. विश्वराज जोशी, प्रत्यारोपण केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ, निमित्त प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा, प्रदेशको स्वास्थ्य मन्त्रालयका दीपकप्रसाद तिवारी, अस्पतालका मेसू डा. सापकोटाले हेटौंडामा मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्न ढिलाई गर्न नहुनेमा जोड दिए । मेसू सापकेटाले प्रत्यारोपण सेवा सुरु गर्न अस्पतालमा पूर्वाधार निर्माणको साथै आवश्यक उपकरण खरिद गरी प्रत्यारोपण सेवा विस्तारको जग बसाउने काम भएको बताए । आगामी आर्थिक वर्षमा प्रत्यारोपण सेवाका लागि बजेट व्यवस्थापन भएकाले काम चाँडै गर्ने प्रतिबद्धता जनाए । प्रत्यारोपणका लागि अस्पताल र केन्द्रबीच यसअघि नै सम्झौतासमेत भइसकेको छ ।



विगत ३ वर्षदेखि हेटौंडा अस्पतालमा डायलासिस सेवा सुरु गरिएको थियो । हाल महिनामा करिव ५० जना मिर्गौलाका बिरामी डायलासिसका लागि आउने गरेको अस्पतालले जनाएको छ । डायलासिसका लागि आउने बिरामीको चापको तुलनामा अब १५ वटा डायलासिस मेशिन थप गर्नुपर्ने आवश्यक रहेको मेसू सापकोटाले बताए । अस्पताल सञ्चालन गरिरहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. विश्वराज जोशीले हेटौंडामा प्रत्यारोपण सेवा निरन्तर सुरु गर्ने गरी काम भइरहेको बताए । प्रत्यारोपण सेवालाई निरन्तरता दिन पूर्वाधार विकास, जनशक्ति व्यवस्थापनको विषयमा तयारी भइरहेको जानकारी दिए ।

हेटौंडाकी मेयर लामाले अंगदानको विषयमा जनचेतना फैलाउनपर्नेमा जोड दिइन् । लामाले हेटौंडालाई स्वास्थ्यको हब बनाउन लागिपर्ने प्रतिवद्धता जनाएकी छन । अस्पतालको सेवा विस्तारका लागि उपमहानगरपालिकाले जग्गा उपलब्ध गराउनेदेखि थुप्रै सहयोग गरिरहेको बताउँदै लामाले मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्न आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले अंगदानबारे जनचेतना फैलाउनुपर्ने बताए । अंगदान सम्बन्धमा बिरामी तथा परिवारलाई कन्भिन्स गराउने काममा सबैको भूमिका बराबर रहेको उनको भनाई छ ।

स्वास्थ्य मन्त्रालयका अधिकारी तिवारीले हेटौंडा अस्पताललाई २ सय बेडमा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताए । २०७१ देखि ०७४ सम्म मकवानपुरको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख रहेका तिवारीले विगत सम्झिँदै अस्पताल बल्ल सुधार तर्फ अघि बढेको बताए । उनले हेटौंडासहित प्रदेशका ५ वटा अस्पताललाई प्रदेशस्तरको अस्पतालका रुपमा विकास गरेर अघि बढाउनुपर्नेमा जोड दिए । बागमती प्रदेशमा विशिष्ठकृत सेवातर्फ केन्द्रित रहने गरी काम भइरहेको बताए । बागमती प्रदेशको १३ वटै जिल्ला अस्पतालमा ब्रेनडेथको कार्यक्रम लागू गर्न सकिने बताएका छन् ।

कार्यक्रमका सभाध्यक्षता समेत रहेका राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा.पुकारचन्द्र श्रेष्ठ र नेफ्रोलोजिष्ट डा. शुरेश महर्जनले कार्यपत्र प्रस्तुत गरेका छन् । नेपालका पहिलो मिर्गौला प्रत्यारोपण डाक्टरसमेत रहेका निर्देशक डा.श्रेष्ठले हेटौंडा अस्पतालमा प्रत्यारोपण सुरु गर्ने गरी तालिम प्रदान गर्ने बताए । उनले अस्पतालका जनशक्तिलाई तालिम दिएर प्रत्यारोपणका लागि तयार पार्ने प्रतिबद्धता जनाए । हेटौंडामा उनै श्रेष्ठले चुरेहिल अस्पतालमा पहिलो पटक डायलासिस सेवा सुरु गराएका थिए । निर्देशक डा.श्रेष्ठले नेपालमा ब्रेनडेथ भएका व्यक्तिहरुको अंग प्रयोग गर्न सके हजारौंले पुनर्जीवन पाउने बताए ।

नेपालमा वार्षिक १ हजार जनाको ब्रेनडेथ हुने गरेको अनुमानित तथ्यांक रहेको बताउँदै वार्षिक ८ हजार जना मिर्गौला र कलेजो प्रत्यारोपण गर्न सकिने अवस्था रहेको बताए । तर, जनचेतनाको कमीका कारण खेर जाने ८ हजार अंगको उपयोग गर्न नसकिएको र हालसम्म नेपालमा जम्मा ५ ब्रेनडेथ भएका व्यक्तिको अंग उपयोग भएको बताए । अंगदान बारे खासै नबुझ्केकै कारण ब्रेनडेथ भएका व्यक्तिको अंगदानको सवाल निकै जटिल र चुनौतीपूर्ण बनेको उनको भनाई छ । हालसम्म केन्द्रमा १ हजार ७८ जनाको मिर्गौला प्रत्यारोपण भएको र सबै प्रत्यारोपण शतप्रतिशत सफल भएको बताए ।

कार्यक्रममा नेफ्रोलोजिष्ट डा. शुरेश शाहले विदेशमा ८० प्रतिशत अंग प्रत्यारोपण मस्तिष्क मृत्यु भएका व्यक्तिहरुको अंगबाट हुने गरेको बताए । जीवित व्यक्तिको शरीरबाट अंग झिकेर प्रत्यारोपण गर्नुभन्दा मस्तिष्क मृत्यु भएकाहरुको अंग प्रत्यारोपण गर्दा जोखिम कम हुने भएकाले पनि मस्तिष्क मृत्यु भएकाहरुको अंग उपयोग गर्नेतर्फ जोड दिए । ब्रेनडेथ भएका व्यक्तिको अंग अर्को जीवित व्यक्तिमा प्रत्यारोपण गर्न सकिन्छ भन्ने कुरा स्वास्थ्यकर्मीलाई समेत थाहा नभएको अवस्था हालको रहेको उनले बताए । नेपालमा वर्षेनी ३ हजार जनाको मिर्गौला र १ हजार जनाको कलेजो फेल हुने गरेको तथ्यांक केन्द्रको अभिलेखमा छ ।

# बागमती प्रदेशसभा परिसर जलमग्न



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/हेटौंडा-१०, स्थित बागमती प्रदेशसभा सचिवालय परिसर मंगलबार दिउँसो परेको वर्षाका कारण जलमग्न भएको छ ।

वर्षाको कारण सचिवालय परिसरमा पानी जम्दा जलमग्न भएको हो । पानीको उपयुक्त निकास नहुँदा सचिवालय परिसर पानीले भरिएको थियो । १ बजेदेखि बोलाइएको बैठक ३ बजे सुरु भए पनि सांसदहरुलाई बैठक स्थलमा जान सकस परेको थियो । पानी जम्दा बैठकमा सहभागी हुन आएका सांसदहरु सभाकक्षभित्र समेत प्रवेश गर्न सकेका थिएनन् । संसद् सचिवालय भित्र पानी जम्ने समस्या समाधानका लागि अघिल्लो कार्यकालदेखि नै सांसदहरुले आवाज उठाउँदै आएका थिए ।

तत्कालीन समयमा विवेकशील साझा पार्टीका सांसद विराजभक्त श्रेष्ठले संसद्बाट सरकारको ध्यानाकर्षण गराएका थिए । श्रेष्ठ हाल राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधिसभा सांसद छन् । श्रेष्ठले ध्यानाकर्षण गराएसँगै तत्कालीन सभामुख सानुकुमार श्रेष्ठले रुलिङ गर्दै समस्या समाधानका लागि भौतिक पूर्वाधार विकास मन्त्रीलाई निर्देशन दिएका थिए । तर सो समस्या हाल सम्म पनि समाधान हुन सकेको छैन । विगत १ वर्षमा प्रदेशसभा क्षेत्रभित्र थुप्रै भौतिक संरचना बनेपनि पानी निकासको समस्या भने हटेन ।

# श्रृंखला सिरोहिया परिवारको बुहारी बन्न लागेकी हुन् ?

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/पूर्वमिस नेपाल श्रृंखला खतिवडा मिडिया व्यवसायी सम्भव सिरोहियासँग प्रेम सम्बन्धमा रहेको चर्चा केही समयदेखि चलिरहेको छ ।

उनीहरुको इंगेजमेन्ट समेत भइसकेको गाईंगुईं पनि सुनिएका छन् । तर, दुवैका तर्फबाट आधिकारिक जानकारी दिइएको छैन । पारिवारिक स्रोतका अनुसार श्रृंखला चाँडै कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको परिवारमा बुहारी बनेर भित्रिने तयारीमा छिन् । विवाहको विषयमा दुवै पक्षका परिवारबीच आपसी सहमति भइसकेको स्रोतको भनाइ छ । अध्ययनका लागि अमेरिकामा रहेकी श्रृंखला केही दिनअघि नेपाल फर्किएकी थिइन् । यसैबीच सम्भव सिरोहियाका भाइ अनुभव सिरोहियाको इंगेजमेन्ट सम्पन्न भएको छ, जसमा श्रृंखला पनि सहभागी भइन् ।



सम्भव र श्रृंखला 'कपल'को हिसाबले इंगेजमेन्टमा प्रस्तुत भएका थिए । सिरोहिया परिवारको तस्वीरमा पनि श्रृंखला अटाएकी छन्, जहाँ उनी सम्भवको आडमा देखिन्छिन् । यो तस्वीरले उनी सिरोहिया परिवारको हिस्सा बनिसकेको संकेत गर्छ । यति मात्र होइन, अनुभवकी हुनेवाला पत्नी मयंका राणाले श्रृंखलाको खुट्टा छोएकी थिइन् । यो दृश्यले चाहिँ सम्भव र श्रृंखलाको इंगेजमेन्ट भइसकेको हो कि भन्ने अड्कल गर्न सकिन्छ । आखिर मयंकाले श्रृखंलाको खुट्टा छोएर किन ढोगिन् ? यसको उत्तर पाउन पर्खनु पर्ने भएको छ ।

# बागमती प्रदेशसभाको पाँच संसदीय समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/बागमती प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको ७ महिनापछि बल्ल संसदीय समिति गठन गरिएको छ । दलीय भागवण्डामा कुरा नमिल्दा बागमती प्रदेशसभाको विषयत संसदीय समितिहरु गठन हुन सक्का थिएनन् ।

आगामी आर्थिक वर्ष २०८०-८१ को बजेटमाथिको छलफल गर्न मंगलबार बोलाइएको प्रदेशसभा बैठकबाट एकै पटक प्रदेशसभाका ५ वटा संसदीय समिति गठन भएका छन् । प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति गठन भएको हो ।



प्रतिपक्षले समिति गठनमा दबाब दिँदासमेत भागवण्डा नमिल्दा सत्ता पक्षले समिति गठनमा चासो देखाएको थिएन । बजेट पास गर्नुपर्ने बाध्यतामा रहेको सरकारले भागवण्डा मिलाएर मंगलबार समिति गठनको बाटो खुला गरेको थियो । समिति नभएको मौका पारेर यसअघि वर्तमान सरकारले विवादास्पद चिठ्ठा विधेयक प्रमाणीकरणका लागि प्रदेश प्रमुखकोमा सिधै पठाएको थियो । जुन विधेयक प्रदेश प्रमुख यादवचन्द्र शर्माले फिर्ता पठाइदिए ।

यसअघि माघ तेस्रो हप्तामा बसेको प्रदेशसभा बैठकबाटै संसदीय समिति गठन गर्ने तयारी थियो । सभामुख भुवनकुमार पाठकले सहमति जुटाउन प्रयास गरे पनि दलहरुबीच भागवण्डाको कुरा मिल्न सकेको थिएन । मंगलबार बसेको प्रदेशसभा बैठकमा सभामुख पाठकले समितिमा रहने सदस्यहरुको नाम पढेर सुनाएका थिए । समितिका विषयमा सबै दलले समर्थन गरेका छन् । १ बजेदेखि ३ बजेसम्म बसेको सर्वदलीय बैठकले समिति गठनको बाटो खुलाएको थियो ।

# नगरस्तरीय शैक्षिक सामग्री प्रदर्शनी हुने

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाको आयोजनामा नगरस्तरीय शैक्षिक सामग्री प्रदर्शनी हुने भएको छ । जनप्रिय माध्यमिक विद्यालयमा आयोजना हुने सो प्रदर्शनीमा कूल २० वटा स्टल रहने छन् । प्रदर्शनीमा असार १३ गते बेलुका ५:०० बजेभित्र स्टल बुकिङ गर्नुपर्ने र स्टलमा सहभागी विद्यालयबाट १५ गते १० बजेदेखि ५ बजेसम्म सञ्चालन हुनेगरी जनप्रिय माविका शिक्षक संप्रस पौडेललाई सर्म्पक व्यक्ति तोकिएको छ ।

कार्यक्रममा स्टल व्यवस्थापन, परिचयपत्र, भिजिटर विद्यालयको व्यवस्थापन आदिमा शिक्षक, स्काउट, बाल क्लब तथा स्कूलका क्याप्टेनहरुलाई सक्रिय गराइने सो कार्यक्रममा सामुदायिक तथा संस्थागत विद्यालयबाट सक्रिय सहभागिता रहने विश्वास गरिएको विद्यालयका प्रअ भुपेन्द्र चौलागाईंले बताए ।

विद्यालयमा विविध विषयगत समितिसँगको प्रतिनिधिमूलक बैठकमा कार्यक्रमका सन्दर्भमा छलफल गरिएको सम्पर्कब्यक्ति तोकिएका शिक्षक पौडेलले जानकारी दिए । यस कार्यक्रममा एक विद्यालयको एक स्टल रहने र सोमा १ शिक्षक तथा एक विद्यार्थीको सहभागिता रहनेछ ।

माध्यमिक तहमा अध्यापन हुने मुख्य विषयहरू, प्राविधिक तथा व्यवसायिक धारका विषय, शिक्षामा भएका नवप्रवर्तनात्मक कार्य र प्रविधि, परियोजना कार्य, स्थानीय तथा आधुनिक सीप तथा प्रविधि लगायतका विषयवस्तुमध्ये कुनै एक विषयको छनोट गरी प्रदर्शनमा राखिने हेटौंडा उपमहानगरपालिकाका शिक्षा अधिकृत सुनिता महर्जनले बताइन् ।

# अवैध ८० किलो माउर माछाका भुरा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/अवैध रुपमा नेपाल ल्याइएका ८० किलो माउर माछाका भुरा मकवानपुर प्रहरीले नष्ट गरेको छ ।

मंगलबार दिउँसो प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले काकड भित्ताबाट हेटौंडातर्फ आउँदै गरेको प्र १ ००६ ख ५२३८ नम्बर को यात्रुबाहक बसबाट माछाका भुरा बरामद गरिएको प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले बताए ।

बसमा डिक्की भित्र भारत बंगाल राज्य जिल्ला माल्दा थाना कालियचाकग्राम अल्पाडा बस्ने ३२ वर्षका पुरन चौधरीले अवैध रुपमा भन्सार छलि चोरीपैठारी गरी लुकाईछिपाई ल्याएको अवस्थामा पक्राउ गरिएको कार्कीले बताए । नेपालमा निषेधित रहेको माउर माछाका भुराहरु भेटनरी डाक्टर तथा स्थानीय जनप्रतिनिधिको रोहबरमा सुरक्षित स्थानमा खाल्डो खनेर नष्ट गरिएको कार्कीले बताए ।

साथै पक्राउ परेका पुरन चौधरीलाई आवश्यक कारबाहीको लागि भेटनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र हेटौडा पठाइएको प्रहरीले जनाएको छ ।

# युवा क्लबलाई नगद सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/हेटौंडा १ चाइनाक्वाटरमा रहेको चाइना पब्लिक युवा क्लबलाई नगद सहयोग प्राप्त भएको छ । क्लबलाई हेटौंडा-२ निवासी रमेश तिवारीले नगद सहयोग गरेका हुन् । तिवारी हाल जापान बस्दै आइरहेका छन् । उनले क्लबलाई नगद पाँच हजार सहयोग गरेको क्लबका अध्यक्ष जंगवीर रुम्बाले बताए ।

विजय युथ क्लबको आयोजनामा हेटौंडामा जारी जिल्ला स्तरीय खुल्ला नकआउट विजय युथ गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो संस्करणमा सहभागिता जनाएको चाइना पब्लिक युवा क्लबलाई युवा तिवारीले सहयोग प्रदान गरेको बताए ।

क्लबले बुधबार आयोजक क्लबसँग सेमिफाइनल खेल खेल्दै छ । क्लबका अध्यक्ष रुम्बाले क्लबलाई नगद सहयोग गर्ने तिवारीलाई धन्यवाद दिदैं आभार व्यक्त गरेका छन् ।

# भैंसेबाट गाँजा र कारसहित तीन जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/जिल्ला प्रहरी कार्यालय मकवानपुरले ७ किलो ९ सय ग्राम लागूऔषध गाँजा, कार सहित ३ जनालाई पक्राउ गरेको छ ।

भीमफेदी गाउँपालिका वडा नम्बर-२ भैंसे चेकपोष्टस्थित सडकखण्डमा सवारीसाधन रोकेर जाँच गर्ने क्रममा गाँजासहित ३ जनालाई पक्राउ गरिएको हो । भैंसेबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा १२ च ५६४९ नम्बरको कारलाई जाँच गर्ने क्रममा जिल्ला हेटौंडा-१४ बस्ने ३१ वर्षीय रामबहादुर गोले, सोही कारमा सवार रहेका ३८ वर्षीय सुकराम लोप्चन र ४० वर्षीय बीरबहादुर मोक्तानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । कारको पछाडि डिक्कीभित्र फल्स बटम बनाई लुकाएर ल्याएको अवस्थामा ७ किलो ९ सय ग्राम लागूऔषध गाँजा फेला परेको र कार सहित उनीहरुलाई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# सकियो तीन महिने सिलाई कटाई तालिम

हेटौंडा, १२ असार/व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा र जनकल्याण बचत तथा ऋण सहकारी संस्था, हेटौंडा-६ को संयुक्त आयोजनामा सञ्चालित ३ महिने (३९० घण्टा) सिलाई कटाई तालिम सकिएको छ ।

संस्थामा आवद्ध महिला शेयर सदस्यहरुलाई सीप सिकाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो । समापन कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालले महिलाको आर्थिक विकासमा वडा कार्यालयले सहयोग गर्ने बताए । उनले भने व्यवसाय सुरु गर्नुस परेका समस्याको समाधान वडा कार्यालयले गर्छ । कार्यक्रममा तालिममा उत्कृष्ट हुने प्रशिक्षार्थी श्रीदेवी सापकोटा, मुना राई र संगीता सञ्जेललाई पुरस्कृत गरिएको थियो ।

संस्थाका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य विजय पौडेल, संस्थापक अध्यक्ष बासुदेव अधिकारी, उपाध्यक्ष श्यामप्रसाद भट्टराई, कोषाध्यक्ष चेतनाथ खतिवडा, सल्लाहकार प्रल्हाद शर्मा आचार्य, सञ्चारकर्मी भीमसेन पौडेल कर्मचारी लगायतको उपस्थिति रहेको थियो । सुशिला सुवेदीले सहजीकरण गरेको तालिममा २५ जना महिलाको सहभागिता रहेको थियो ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

**सर्पदंश (सर्पको टोकाई) बाट बच्न...**

- ☞ सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- ☞ घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- ☞ खुलास्थानमा शौच नगरौं,
- ☞ खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- ☞ लठ्ठि लिएर हिंडौं,
- ☞ सम्भव भएसम्म खाटमा सुतौं,
- ☞ सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- ☞ सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- ☞ राती हिंड्दा टर्चको प्रयोग गरौं,
- ☞ पराल दाउरा आद निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना